# हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
# HIMALAYAN GENERAL INSURANCE CO. LTD.

# सत्ताईसौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माइन्यूट)

## २०७७

जि. पि. ओ. बक्स नं. १४८,
टेलिफोन नं : ५२४५०९०, ५२४५०९१
फ्याक्स नं : ५२४५०९९
इमेल नं. **ktm@hgi.com.np**
थापागांउ, काठमाडौं, नेपाल ।

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लि.

थापागांउ, जि.पि.ओ. बक्स १४८, काठमाण्डौं, नेपाल
फोन नं. ५२४५०९०,५२४५०९१


मिति:२०७८/०३/०३/५

विषय : काम कारवाहीको विवरण (माइन्यूट) पठाएको ।

श्री शेयरधनी महानुभावहरु,

वि. सं. २०७८ साल जेष्ठ २८ गते शुक्रवार तद्नुसार सन् ११ जुन २०२१ का दिन सम्पन्न यस कम्पनीको सत्ताईसौ वार्षिक साधारण सभाद्वारा पारित निर्णयहरु र काम कारवाहीको विवरण (माइन्यूट) जानकारीका लागि यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछु ।

धन्यवाद ।

भवदीय,

(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव

# हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको
# सत्ताईसौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माईन्यूट)

१. **बैधानिक सभा :**

हिमालयन जनरल ईन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०७८/०१/१७ गते बसेको संचालक समितिको २६३ औं बैठकको निर्णय बमोजिम यस कम्पनीको सत्ताईसौं वार्षिक साधारण सभा संचालक श्री अजय रत्न स्थापितयूको अध्यक्षतामा निम्नलिखित मिति, स्थान र समयमा सुसम्पन्न भयो । सो सभाको सूचना, सभाको विषयसूची, उपस्थिति, गणपुरक संख्या, सभाको बैधानिकता, सभाको अध्यक्षता, सभा संचालन तथा प्रतिवेदन प्रस्तुती, छलफलमा सहभागी, छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्नोत्तर, सुझावहरु र सभाको निर्णयहरु समेतको काम कारवाहीको विवरण (माईन्यूट) कम्पनी ऐन, २०६३ को दफा ७५ बमोजिम देहाय अनुसार छन् ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति: २०७८ जेष्ठ २८ गते शुक्रवार (सन् ११ जुन २०२१)

२.२ स्थान: कम्पनीको केन्द्रिय कार्यालय, थापागांउ, काठमाण्डौवाट (Zoom मार्फत Virtual Meeting)

२.३ समय: विहान ११:०० बजे

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को व्यवस्था अनुरुप कम्पनीको आर्थिक वर्ष २०७६/७७ को मुद्रित वार्षिक प्रतिवेदन लगायत सत्ताईसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र सभामा छलफल हुने विषयसूची समेत उल्लेख गरी शेयरधनी महानुभावहरुको मोवाईल तथा ईमेलमा विद्युतिय माध्यमवाट पठाउनुको साथै मिति २०७८/०१/२१ र २०७८/०१/२२ गतेको दैनिक राष्ट्रिय पत्रिकाहरु क्रमश: "अभियान दैनिक" र "कारोवार दैनिक" मा समेत सम्बन्धित सबैको जानकारीको लागि सो सम्वन्धी जानकारी तथा सूचना प्रकाशित गरिएको थियो ।

४. **सभाको विषयसूची :**

(क) सामान्य प्रस्ताव

(१) सत्ताईसौ वार्षिक साधारण सभामा संचालक समितिको तर्फवाट अध्यक्षज्यू द्वारा प्रस्तुत हुने आ. व. २०७६।०७७ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७६।०७७ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्यूटीमा भएको परिवर्तन र तत् सम्वन्धि अनुसूचीहरु पारित गर्ने ।

(३) संचालक समितिको सिफारिस वमोजिम चुक्ता पूंजी रु.१,०६,८२,८८,००० को ३.७५ प्रतिशतले हुन आउने रु.४,००,६०,८०० नगद लाभांस (वोनश शेयरमा कर प्रयोजनको लागि समेत) अनुमोदन गर्ने ।

(४) आर्थिक वर्ष २०७७।७८ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरे वमोजिम अनुमोदन गर्ने ।

(५) विविध ।

(ख) विशेष प्रस्ताव

(१) संचालक समितिले सिफारिस गरे वमोजिम चुक्ता पूंजी रु. १,०६,८२,८८,००० को ३ (तीन) प्रतिशतले हुन आउने रु.३,२०,४८,७०० वरावरको वोनस शेयर जारी गर्ने । त्यसरी वोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै

राखि नजिकको पुरा अंक कायम गर्ने । साथै वोनश शेयर जारी गर्दा जारी तथा चुक्ता पूंजी वृध्दि हुने भएवाट सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने ।

(२) नियमावलीको साविक व्यवस्थामा गणपुरक संख्या नियम १५ (ङ) संशोधन गर्ने ।

(३) यस कम्पनीले अन्य कुनै कम्पनीलाई प्राप्ती (Aqusition) गर्ने वा एकआपसमा गाभिने ( Merger) प्रयोजनको लागि उपयुक्त कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्र ( Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्विकृतीको लागि विमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ती तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता नियुक्ती तथा प्राप्ती (Acquisition) गर्न वा एकआपशमा गाभिने (Merger) संग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु वमोजिम गर्नुपर्ने सम्पूर्ण आवश्यक प्रकियाहरु पुरा गरि अख्तियार प्राप्त निकायवाट अन्तिम स्विकृति लिने लगायतका कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(४) विशेष प्रस्तावको संशोधनहरुवाट प्रवन्धपत्र र नियमावलीको संशोधनहरुमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही वमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(५) विविध ।

५. उपस्थिति :

५.१ संचालकहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री महेन्द्र कृष्ण श्रेष्ठ | अध्यक्ष |
| २. श्री विक्रम कृष्ण श्रेष्ठ | संचालक |
| ३. श्री विजित कृष्ण श्रेष्ठ | संचालक |
| ४. श्री अजय रत्न स्थापित | संचालक |
| ५. श्रीमती नुरा कुमारी शर्मा | संचालक |
| ६. श्री दशरथ लाल श्रेष्ठ | स्वतन्त्र संचालक |

५.२ संचालकको अनुपस्थिति :

१. सवै संचालकहरुको उपस्थिति रहेको ।

५.३ पदाधिकारीहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री सुशील वज्राचार्य | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री ध्रुव प्रसाद न्यौपाने | कम्पनी सचिव |
| ३. श्री सीताराम तिवारी | कानूनी सल्लाहकार |

५.४ शेयरधनीहरुको उपस्थिति :

| | | |
|---|---|---|
| ५.४.१ | स्वयम् उपस्थित संख्या | ३८२ (तीन सय वयासी) |
| ५.४.२ | प्रोक्सी | ५ (पांच) |
| ५.४.३ | जम्मा उपस्थित संख्या | ३८७ (तीन सय सतासी) |

६. <u>गणपूरक संख्या :</u>

| विवरण | संख्या | स्वयं उपस्थित | प्रोक्सी | जम्मा | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीहरु | ११०९९ | ३८२ | ५ | ३८७ | ३.४९ |
| शेयर | १०६८२८८० | ६१३६५९८ | ११८३३२२ | ७३१९९२० | ६८.५२ |

७. <u>साधारण सभाको बैधानिकता :</u>

सभाको काम कारवाहीको प्रारम्भमा कम्पनी सचिव श्री धुव प्रसाद न्यौपानेले कम्पनी र आफ्नो तर्फबाट कम्पनीको सत्ताईसौं वार्षिक साधारण सभामा भाग लिन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुवाट पाल्नु भएका प्रतिनिधिहरुलाई हार्दिक स्वागत गर्नुभयो र कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको प्रवन्धपत्र र नियमावली वमोजिम यो साधारण सभाको गणपूरक संख्या पुगेको र कानून अनुसार साधारण सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

८. <u>साधारण सभाको अध्यक्षता र सभा संचालन :</u>

सभाको बैधानिकता भएको एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ६९ वमोजिम सभाले सभा प्रारम्भ गर्न स्विकृत गरे पश्चात कम्पनी ऐन, २०६३ को दफा ७४(१) मा व्यवस्था भए अनुरुप संचालक समितिवाट आफुमध्येवाट मनोनित संचालक नै साधारण सभाको अध्यक्ष हुने व्यवस्था बमोजिम श्री अजय रत्न स्थापितज्यूको अध्यक्षतामा सभा संचालन भयो । सभाको प्रारम्भमा अध्यक्षज्यूले उपस्थित सवैलाई स्वागत अभिवादन गर्दै सभाको काम कारवाही प्रारम्भ गर्नुभयो ।

९. <u>कम्पनीको सत्ताईसौ वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति :</u>

९.१ सभाको सामान्य प्रस्ताव विषयसूची नं. (१) अनुसार सभाका अध्यक्ष श्री अजय रत्न स्थापितज्यूले संक्षेपमा आर्थिक वर्ष २०७६।७७ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुहुँदै अनुमोदन हुनेमा विश्वास व्यक्त गर्नु भयो ।

९.२ सभाको सामान्य प्रस्ताव विषयसूची नं. (२) मा उल्लेख भए अनुसार लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७६।७७ को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण स्वीकृतिको लागि अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

१०. <u>छलफलको लागि आव्हान :</u>

१०.१ अध्यक्षज्यूले सभाको कारवाही अगाडि बढाउनु हुँदै माथि उल्लेख भएको सामान्य प्रस्ताव विषयसूची नं. (१), (२), (३), (४) र (५) तथा विषेश प्रस्ताव (१), (२), (३), (४) र (५) मा उल्लिखित विषय तथा प्रस्तावहरु उपर समेत छलफल तथा समुचित निर्णयको लागि उपस्थित शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

अध्यक्षज्यूले सवैवाट सहयोग, सद्भावना र मार्ग निर्देशनको अपेक्षा गर्दै भविष्यमा कम्पनीको विकासमा सवैको निरन्तर सहयोग हुने विश्वाशका साथ विषयसूचीमा प्रवेश गर्न आग्रह गर्नु भयो ।

१०.२ शेयरधनी महानुभावहरु मध्येबाट श्री अमृत नाथ रेग्मी, श्री अमिर दास रंजित, श्री लव राज जोशी, श्री उध्धव प्रसाद घिमिरे, श्री रोज कुमार श्रेष्ठ, श्री नरसिंह लाल च:खु, श्री शिव प्रसाद पौडेल, श्री चन्द्र नारायण श्रेष्ठ, श्री उत्तम पाठक, प्रा. श्री शत्रुघन श्रेष्ठ, श्री राम गोपाल महर्जन, श्री डमरु वल्लभ घिमिरे, श्री नारायण सुन्दर श्रेष्ठ, श्री ईश्वर श्रेष्ठ र श्री ईन्द्र कृष्ण श्रेष्ठले छलफलको क्रममा बोल्न नाम लेखाउनु भई वुदा नं. १०.३ अनुसार आ-आफ्नो मन्तब्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नुभयो ।

१०.३ <u>शेयरधनीहरुको मन्तव्य, जिज्ञासा तथा सुझावहरु :</u>

- यस कम्पनिका संस्थापक तथा प्रवर्द्धक शेयरधनी श्री राज कृष्ण श्रेष्ठज्यूको असामयिक निधन भएकोमा मृत आत्माको चिरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ती मिलोस भन्दै हार्दिक समवेदना व्यक्त ।
- नगद लाभांस तथा वोनश शेयरको लागि धन्यवाद व्यक्त ।
- HGI को Corporate House निर्माण गर्न प्रकिया अघि वढाएकोमा धन्यवाद व्यक्त गर्नको साथै निर्माणको प्रगती विवरणको माग ।
- Merger तथा Acquisition को प्रस्ताव ल्याएकोमा धन्यवाद व्यक्त ।
- आगामी साधारण सभा समयमै सम्पन्न गर्न आग्रह ।
- आगामी वर्ष अझ धेरै वोनश शेयर तथा नगद लाभांस पाउने अपेक्षा ।
- कम्पनीको शाखा विस्तारलाई प्राथमिकता दिन आग्रह ।
- सत्ताईसौं वार्षिक साधारण सभाको सफलताको कामना ।
- कम्पनीको उत्तरोत्तर प्रगतिको कामना ।

११. <u>अध्यक्षज्यूको प्रत्युत्तर :</u>

११.१ छलफलको क्रममा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञासा, मन्तव्य, सुझाव र सल्लाहलाई कम्पनीले सम्पत्तिको रुपमा ग्रहण गरेको अध्यक्षज्यूले जानकारी गराउनु भयो ।

११.२ आगामी साधारण सभा समयमै गराउन प्रयास गरिने र शेयरधनीहरु लाई अधिकतम नगद लाभांस र वोनस शेयर दिन प्रयास गरिने जानकारी शेयरधनीहरुलाई गराउनु भयो । साथै अहिलेको अवस्थामा Covid-19 को असरले व्यवसायमा असहज परिस्थितिको सामना गर्न परिरहेको समेत सभालाई जानकारी गराउनु भयो ।

११.४ यस चालु आर्थिक वर्षको २०७८ जेष्ठ २७ गते सम्ममा १ अर्व २३ करोड प्रिमियम संकलन भएको र दावी भुक्तानी १ अर्व ७० करोड भएको तथा लगानी तर्फ १ अर्व ९५ करोड रहेको सभालाई जानकारी गराउनु भयो ।

११.५ कर्पोरेट भवनको फाउण्डेसन निर्माण कार्य भईरहेको र जम्मा २० महिनामा निर्माण सम्पन्न गर्ने लक्ष रहेको जानकारी गराउनु भयो ।

११.६ रचनात्मक सुझावहरुलाई महत्व दिई समयानुकूल कार्यान्वयन गर्दै जाने विश्वास दिलाउनु भयो ।

<u>सभाको निर्णय :</u>

१२. (क) <u>साधारण प्रस्ताव :</u>

१२.१ <u>संचालक समितिको प्रतिवेदन पारित गर्ने :</u>
सत्ताईसौं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (१) को प्रस्ताव अनुसार संचालक समितिको तर्फबाट अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१२.२ <u>लेखापरीक्षकको प्रतिवेदन सहितको आ. व. २०७६/७७ को वित्तिय विवरण पारित गर्ने :</u>
सत्ताईसौं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (२) को प्रस्ताव अनुसार लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/७७ को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरण पारित होस भनी सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर व्यापक छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१२.३ <u>संचालक समितिको सिफारिस वमोजिम हाल कायम रहेको चुक्ता पूंजी रु.,१०६,८२,८८,००० को ३.७५ प्रतिशतले हुन आउने नगद लाभांस रु.४,००,६०,८००/- कर प्रयोजनको लागि समेत अनुमोदन गर्ने :</u>
सत्ताईसौं वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (३) को प्रस्ताव अनुसार संचालक समितिको सिफारिस वमोजिम आर्थिक वर्ष २०७६/७७ को मुनाफावाट हाल कायम रहेको चुक्ता पूंजी रु.,१०६,८२,८८,००० को ३.७५ प्रतिशतले हुन आउने नगद लाभांस रु.४,००,६०,८००/- कर प्रयोजनको

लागि समेत अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको प्रस्ताव उपर छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

१२.४ <u>आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई अनुमोदन गर्ने :</u>

सत्ताईसौ वार्षिक साधारण सभाको विषयसूची सामान्य प्रस्तावको नं. (४) को प्रस्ताव अनुसार आर्थिक वर्ष २०७७/७८ को लागि कम्पनीको लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक लेखापरीक्षण समितिले सिफारिस गरेकोलाई अनुमोदन गर्ने प्रस्ताव उपर सभामा छलफल भई लेखापरिक्षक एन. अमात्य एण्ड कम्पनीका साझेदार श्री मनिष अमात्य, चार्टर्ड एकाउण्टेण्ट्सलाई नियुक्त गर्ने र GAAP, NFRS, र कर लेखापरीक्षण समेतको लागि पारिश्रमिक रु.३५०,०००/- (रु.तीन लाख पचास हजार मात्र) मु. अ. कर वाहेक प्रदान गर्न स्वीकृत गर्ने सर्वसम्मतिबाट पारित भयो ।

१२.५ <u>विविध :</u>

विषयसूची सामान्य प्रस्ताव नं. (५) को विविध शिर्षक अन्तर्गत कुनै विषय नभएको ।

१३. (ख) <u>विशेष प्रस्ताव :</u>

१३.१ <u>चुक्ता पूंजीको ३ प्रतिशतका दरले शेयरधनीहरुलाई वोनस शेयर प्रदान गर्ने र सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने :</u>

सत्ताईसौ वार्षिक साधारण सभाको विषयसूची विशेष प्रस्तावको नं. (१) अनुसार संचालक समितिले सिफारिस गरे वमोजिम हाल कायम रहेको चुक्ता पूंजी रु.१,०६,८२,८८,००० को ३ (तीन) प्रतिशतले हुन आउने रु. ३,२०,४८,७००/- वरावरको वोनस शेयर जारी गर्ने । त्यसरी वोनस शेयर जारी गर्दा भिन्न अंकमा आउने शेयरलाई संस्थापक शेयर र सर्वसाधारण शेयरको अनुपात कायमै राखि नजिकको पुरा अंक कायम गर्ने । साथै वोनस शेयर जारी गर्दा चुक्ता पूंजी वृध्दी हुने भएवाट सोही अनुरुप प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने सर्वसम्मतीवाट निर्णय भयो ।

१३.२ <u>नियमावलीको साविक गणपुरक संख्या नियम १५ (ङ) संशोधन गर्ने :</u>

सत्ताईसौ वार्षिक साधारण सभाको विषयसूची विशेष प्रस्तावको नं. (२) को प्रस्ताव अनुसार नियम १५ (ङ) गणपूरक संख्याको सट्टामा "नियम १५ (ङ) गणपुरक संख्या: विक्री भएको कूल शेयर संख्याको पचास प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरवालाहरु मध्ये तीन जना शेयरवालाहरु स्वंय वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित नभई सभाको काम कार्यवाही हुने छैन । तर सो वमोजिम संख्यामा शेयरवालाहरु उपस्थित नभएकोले सभा हुन नसकेमा कम्तीमा ७ दिनको सुचना दिई अर्को पटक सभा वोलाउंदा कुल शेयर संख्याको पच्चिस प्रतिशत शेयरको प्रतिनिधित्व हूने गरी तीन जना शेयरवालाहरु स्वंय वा आफ्नो प्रतिनिधी द्बारा उपस्थित भएमा सभा गर्न वाधा पर्नेछैन" भन्ने संशोधन प्रस्ताव पारित भयो ।

१३.३ **संचालक समितिलाई अख्तियारी प्रदान गर्ने :**

सत्ताईसौं वार्षिक साधारण सभाको विषयसूची विशेष प्रस्तावको नं. (४) को प्रस्ताव अनुसार प्रवन्धपत्र र नियमावलीको संशोधनहरुमा नियमनकारी निकायहरुवाट कुनै फेर वदल थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही वमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

१३.४ **यस कम्पनीले अन्य कुनै कम्पनीलाई प्राप्ती (Aquisition) गर्ने वा एकआपसमा गाभिने (Merger) को लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने:**

सत्ताईसौं वार्षिक साधारण सभाको विषयसूची विशेष प्रस्तावको नं. (३) को प्रस्ताव अनुसार यस कम्पनीले अन्य कुनै कम्पनीलाई प्राप्ती (Aquisition) गर्ने वा एकआपसमा गाभिने (Merger) प्रयोजनको लागि उपयुक्त कम्पनीको पहिचान र छनौट गर्ने, समझदारीपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्विकृतीको लागि विमा समिति समक्ष निवेदन दिने,आवश्यकता

अनुसार सम्पत्ती तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता नियुक्ती तथा प्राप्ती (Acquisition) गर्न वा एकआपशमा गाभिने (Merger) संग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु वमोजिम गर्नुपर्ने सम्पूर्ण आवश्यक प्रकियाहरु पुरा गरि अख्तियार प्राप्त निकायवाट अन्तिम स्विकृति लिने लगायतका कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय भयो ।

१३.५ विविध :

विषयसूची विशेष प्रस्ताव नं. (५) को विविध शिर्षक अन्तर्गत कुनै विषय नभएको ।

१४. सभाको विसर्जन:

अध्यक्षज्यूले सत्ताईसौं वार्षिक साधारण सभामा सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा विभिन्न निकायहरुका आमन्त्रित प्रतिनिधीहरु समेत सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । साथै यस कम्पनीका प्रवर्धक तथा संस्थापक अध्यक्ष श्री राज कृष्ण श्रेष्ठज्यूको मिति २०७८ साल जेष्ठ २६ गते असामयिक निधन भएकोमा मृतआत्माको चिरशान्तीको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ती मिलोस भन्दै समवेदना व्यक्त गर्नुभयो । अन्तमा मृत आत्माको चिरशान्तीको लागि उपस्थित सवैलाई १ (एक) मिनेट मौनधारण गराउदै सभा विसर्जन गर्नुभयो ।

(ध्रुव प्रसाद न्यौपाने)
कम्पनी सचिव
मिति: २०७८।०३।०३

(महेन्द्र कृष्ण श्रेष्ठ)
अध्यक्ष